# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः२०७८/७९

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मधेशी आयोग ज्वागल, ललितपुर

## फागु / होली पर्वको हार्दिक मङ्गलमय शुभकामना

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक हो । विभिन्न जात-जातिका विभिन्न चाडपर्वहरू विविधतापूर्ण तरीकाले मनाइन्छ । तर, फागु र होली पर्व प्रायः प्रत्येक नेपालीले एकै तवरले हर्षोल्लासका साथ मनाउँदै आएका छन् ।

"के हिमाल ? के पहाड ? के मधेश-तराई ?
होलीले सम्प्रेषित गर्छ
हामी सबै दिदी-बहिनी, दाई-भाई "

होलीले सामाजिक सद्भाव, पारिवारिक प्रेम, साँस्कृतिक स्नेह, स्थानीयताको आफ्नोपन, आर्थिक उन्नयन सहितका ऐतिहासिकतालाई पल्लवित, पुष्पित गर्दछ । यस पर्वले समाजलाई जातिविहीनता र वर्ग विहीनताको रूपमा चित्रित हुने पर्वको रूपमा लिएको छ । यो पर्वले समतामूलक समाज निर्माणका लागि टेवा पुऱ्याएको छ । चित्रको आधारमा चरित्र र चरित्रको आधारमा चित्र बन्ने यो अत्युत्तम पर्व हो होली पर्व । त्यसै कारणले होलीलाई राष्ट्रिय पर्वको रूपमा मनाइदै आएको छ ।

प्राचिन मिथिला-अवध-भोजपुरा सहितमा राम-सीताको होली कञ्चनवनमा अझै पन्ध्र दिने मिथिला परिक्रमामा लाखौं श्रद्धालुहरूले होली खेल्ने परम्परा विरासतकै रूपमा नेपालीलाई अक्षुण्णतामा राखेकै छ ।

"कञ्चन वन राम खेलए होरी कञ्चनवन
किनकाके भिजल पियर पिताम्बर
किनकाके भिजल चिर-चुनरी
कञ्चनवन ........"

काठमाडौंको वसन्तपुरमा कृष्ण-राधाका अद्वितीय प्रेम र गोपीनीहरूको चीर सम्बन्धमा अटुट प्रेममा आधारित होली हर्षोल्लासका साथ मनाइन्छ। शिव-पार्वतीको होली अद्भुत रूपमा मनाउने चलन छ ।समतावादी होलीलाई नै शिव-पार्वती होली पनि भन्ने चलन रहेको छ ।


ईमेल: www.madheshicommission@gmail.com

मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्या:२०७८/७९

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

"खेले मसानेमे होली दिगम्बर
खेले मसानेमे होली.....
शिवमठ पर शोभे लाल धुजा
शिवमठ पे......

होलीमा सर्वसम्मतिले "सम्मत" जलाइन्छ जसको अर्थ "असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय" नै हुन्छ । पुर्णिमामा घरदेवीको पूजा गरी पुरी, खीर, मेवा-मिष्ठान्न खाने चलन-प्रचलन आदिकाल देखि नै चलि आएको छ। कविरा र जोगिरा भट्याउने परम्परा ताजै रहेको छ .......

"जोगिरा सररर......
होरीके रंगमे भिजता शरीर
चहुओर उडता रंग-अबिर..
जोगिरा..."

होली अति नै उल्लासमय पर्व हो । नेपाल सरकारले हिमाल, पहाड र तराइ-मधेशमा सार्वजनिक बिदा दिने गर्दछ। तर हिमाल-पहाडमा एक दिन र तराई मधेशमा अर्को दिन । सामाजिक अगुवाहरूको बिचारमा जब हिन्दू धर्माबलम्बीहरूको यो परम पवित्र पर्व हो भने एकै दिन नमनाउने ? अथवा दुवै दिन दुबैले किन नमनाउने ? जिज्ञासाहरू आएका छन् । यस विषयमा दुवै तिरका धार्मिक अगुवाहरूले बिचार गर्न आवश्यक रहेको देखिन्छ ।

जनकपुरधाम र बीरगञ्जमा "महामूर्ख सम्मेलन" ले एउटा छुट्टै ओज प्रदान गरेको छ फगुवामा ।

फगुवामा केही कुरीतिहरूले रीतिको रूप लिँदैछ । फागुका सम्बन्धमा सहि ज्ञानको हस्तान्तरण (Transfer of right knowledge ) बाट कुरीतिहरूलाई रोक्नु/नियन्त्रण गर्नु अत्यावश्यक देखिन्छ ।

युवाहरूमा सचेतना हुनु र दिलाउनु अत्यावश्यक रहेको देखिन्छ ।

"Holi" सँधै "Holy" को रूपमा मनाइयोस् यहि नै हार्दिकताका साथ अपेक्षा र मङ्गलमय शुभकामना ।

डा. विजय कुमार दत्त
अध्यक्ष